# चुरे गाउँपालिका
(Chure Rural Municipality)
## गाउँ कार्यपालिकाको कार्यालय
(Office Of The Rural Municipal Executive)

प.सः २०८२/०८३
च.नं.

घरखेडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### ११ औं कार्यपालिका बैठक

आज मिति २०८३/०२/१३ गते बुधबारका दिन यस चुरे गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री चक्र बहादुर बोगटी रजवारको अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णय गरियो।

| | | |
|---|---|---|
| श्री चक्र बहादुर बोगटी रजवार | अध्यक्ष | |
| श्री धना देवी थापा | उपाध्यक्ष | |
| श्री डम्मर बहादुर सिंह | १ नं. वडा अध्यक्ष | |
| श्री केशव बहादुर सावद | २ नं. वडा अध्यक्ष | |
| श्री खगेन्द्र खडायत | ३ न. वडा अध्यक्ष | |
| श्री चन्द्र बहादुर लामिछाने मगर | ४ नं. वडा अध्यक्ष | |
| श्री बीर बहादुर धामी | ५ नं. वडा अध्यक्ष | |
| श्री प्रेम बहादुर साउँद | ६ नं. वडा अध्यक्ष | |
| श्री तुलसी कुमारी महता | कार्यपालिका- सदस्य | |
| श्री पुष्पादेवी बरै मगर | कार्यपालिका सदस्य | |
| श्री मनिसा बि.क. गौतम | कार्यपालिका सदस्य | |
| श्री सरोजनी धामी बोहरा | कार्यपालिका सदस्य | सरोजनी |
| श्री एकम बहादुर कामी | कार्यपालिका सदस्य | |
| श्री कलावती कामी | कार्यपालिका सदस्य | |
| श्री धर्मराज खत्री | सचिव | |
| आमन्त्रित काली प्रसाद भट्ट | प्र. अधिकृत | |
| नेपाल [illegible] | [illegible] | |

# २०८३।०२।१३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:-

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा
२. आ.व. २०८३।०८४ बजेट पूर्व छलफल सम्बन्धमा।
३. आ.व. २०८२।०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा।
४. जलवायु परिवर्तन स्थानीय अनुकुलन परियोजनाको योजना निर्माण सम्बन्धमा।
५. वन व्यवस्थापन तथा सामुदायिक कार्ययोजना निर्माण तथा नवीकरण सम्बन्धमा।
६. कैलाली जिल्ला भलिवल संघलाई आर्थिक सहयोग सम्बन्धमा।
७. सामुदायिक विद्यालय समायोजन तथा दरवन्दी मिलान सम्बन्धमा।
८. गाउँ सभाको मिति तय गर्ने
९. इन्धनको भुक्तानी सम्बन्धमा।
१०. गत आ.व. २०८१।०८२ को इन्धनको भुक्तानी बाँकी सम्बन्धमा।
११. बजेट शिर्षकानातर सम्बन्धमा।
१२. पाईप खरिद तथा वितरणमा अनुदान प्रतिशत निर्धारण गर्ने सम्बन्धमा।
१३. योजनाको भुक्तानी सम्बन्धमा।
१४. अतिरिक्त समय काम गर्ने कर्मचारीहरुलाई भत्ता सम्बन्धमा
१५. गाउँपालिका स्तरिय भलिबल प्रतियोगिता कायम गर्ने सम्बन्धमा।
१६. विविध सम्बन्धमा
    क) विपद राहत सम्बन्धमा
    ख) आर्थिक सहायता तथा विपद राहत सम्बन्धमा
    ग) केदारपुञ्ज बहुमखी क्याम्पसको योजना कार्यान्वयन सम्बन्धमा
    घ) गर्भा आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन संरक्षण सम्बन्धमा
    ङ) बैंकिङ प्रणालीबाट राजश्व जम्मा गर्दा सहजीकरणको लागि सनराइज बैंकलाई पत्राचार गर्ने सम्बन्धमा।
    च) सशस्त्र पहरी नेपाललाई सामाग्री सहयोग गर्ने सम्बन्धमा।

| क्र.स | सम्बन्धित शाखा | निर्णय |
|---|---|---|
| १ | प्रशासन शाखा | चुरे गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन तथा कार्यालयको कामकाज लाई सरलीकरण गर्नको लागि यस चुरे गाउँ कार्यपालिकाको बैठकले यस अघि गरेका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु थप प्रभावकारी रुपमा संचालन गर्ने निर्णय गरियो । |
| २. | योजना शाखा | चुरे गाउँपालिकाको आ.व. २०८३।०८४ वार्षिक नीति , कार्यक्रम तथा बजेट निर्माणको अन्तरसम्बन्धित विषयवस्तुहरुमाथि छलफल गर्न र योजना तथा कार्यक्रम छनौट गर्नुभन्दा पहिले बिभिन्न सरोकारवाला ( राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज तथा बिभिन्न लक्षित वर्ग) हरुसँग अन्तरक्रिया गरी राय सुझाव संकलन गर्नको मिति २०८३ जेठ २७ गते बजेटपूर्व छलफल कार्यक्रम संचालन गर्ने । |
| ३ | प्रशासन शाखा | सूशासन ऐन, २०६४ तथा नियमावली, २०६५ मा भएको व्यवस्था अनुसार सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्न तथा कार्य पारदर्शिता कायम गर्नको लागि प्रत्येक चार महिनामा सार्वजनिक सुनुवाई गर्नुपर्ने कार्यक्रम गर्नुपर्ने कानुनी व्यवस्था अनुसार यस चुरे गाउँपालिकाको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८३ जेठ २८ गते बाह्य स्वतन्त्र निकायबाट गर्ने , र सोको लागि बाह्य सहजकर्ता फर्म तथा व्यक्ति सँग परामर्श सेवा खरिद प्रक्रिया अगाडी बढाउने । |
| ४ | LACCP | जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भएका केही योजनाहरू विभिन्न प्राविधिक, भौगोलिक, सामाजिक तथा जनश्रमदान गर्न नसक्ने कारणले तोकिएको समयावधिभित्र कार्यान्वयन गर्न नसकिने अवस्था सिर्जना भएकोले उक्त योजनाहरूको विनियोजित बजेट रकम खर्च हुन नसक्ने देखिएको हुँदा, उपलब्ध बजेट प्रभावकारी रूपमा उपयोग गर्ने उद्देश्यले देहाय बमोजिमका योजनाहरूको रकम रकमान्तर गरी "छिलछिले सिस्ने भित्तेमुल, भुकभुके बहुउपयोगी योजना, दानिढुङ्गा बहुउपयोगी खानेपानी तथा सरसफाइ योजना र मथुरे बहुउपयोगी योजनामा रकमान्तर" मा समावेश गरी कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतबाट गरियो। |

**तपशिल**

| क्र.स. | निर्माण हुन नसक्ने योजना | नेपाल सरकार | फिनल्याण्ड/इयू | स्थानीय तह | विनियोजित रकम हजार | रकमान्तर गरिने योजना |
|---|---|---|---|---|---|---|
| १ | मुडीखोला र सल्लावन बस्नतपुर सिंचाई योजना | ८७०।०० | १०००।०० | ४७५।०० | रु २३४५।०० | भुकभुके बहुउपयोगी योजना |
| २ | करेनी माझपानी सिउडी खानेपानी योजना | १४००।०० | ८००।०० | ५०० | रु. २७००।०० | छिलछिले सिस्ने भित्तेमुल खानेपानी तथा सरसफाइ योजन मथुरे बहुउपयोगी योजना |
| ३ | निमडा बहुउपयोगी योजना | | ६००।०० | १४०।०० | रु. ७४०।०० | दानिढुङ्गा बहुउपयोग खानेपानी तथा सरसफाइ योजन |
| ४ | सिद्धबाबा मा.वि शौचालय निर्माण योजना | | ३०० | १७० | रु ४७० | मोहन्याल मा.वि शौचाल निर्माण योजना |

| | | |
|---|---|---|
| ५ | वन वातावरण | चुरे गाउँ कार्यपालिका को बैठकमा छलफल हुँदा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना अन्तर्गत चालु आर्थिक वर्षमा "दिगो वन व्यवस्थापन तथा सामुदायिक कार्य योजना निर्माण/नविकरण" र जलवायु उत्थाशिल खानेपानी सुरक्षा तालिम शीर्षकमा विनियोजित रु ४ लाख ५० हजार बजेट विभिन्न प्राविधिक तथा कार्यान्वयनगत कारणले निर्धारित समयमा खर्च गर्न नसकिने अवस्था देखिएकोले उक्त रकम प्रभावकारी तथा आवश्यक क्षेत्रमा उपयोग गर्ने सम्बन्धमा छलफल गर्दा हाल वन क्षेत्रमा बढ्दो डढेलो जोखिमलाई मध्यनजर गर्दै वन संरक्षण तथा विपद् न्यूनीकरण कार्यलाई प्रभावकारी बनाउन आवश्यक वन डढेलो नियन्त्रण सामग्री सहयोग कार्यक्रम सञ्चालन गर्नु उपयुक्त देखिएको हुँदा, उक्त शीर्षकमा विनियोजित रकम रु ४ लाखा ५० हजार शिर्षकान्तर/ रकमान्तर गरी वन डढेलो नियन्त्रण सामग्री खरिद तथा सहयोग कार्यक्रममा खर्च गर्ने। |
| ६ | शिक्षा युवा तथा खेलकुद | काठमाण्डौमा संचालित प्रधानमन्त्री एन.भि.ए. कप खेल्न कैलाली जिल्लाबाट सहभागी हुने खेलाडीलाई काठमाण्डौ लैजाने तथा तिनको व्यवस्थापन गर्ने जिम्मेवारी पाएको कैलाली जिल्ला भलिवल संघलाई बिभिन्न पालिकाले आफ्नो स्थानीय तहबाट सहभागी हुने खेलाडी संख्याको आधारमा आर्थिक सहयोग गरेकोमा उक्त खेलमा यस चुरे गाउँपालिकाका तपसिल बमोजिमका खेलाडी सहभागी भएको र निजहरुलाई खेलमा सहभागी गराउन काठमाण्डौ लैजाने देखी खेल अवधी सम्मको सम्पूर्ण व्यवस्थापन गरे बापत प्रतिखेलाडीको रु. २५०००।०० का दरले ३ जना खेलाडीको हुन आउने रु. ७५०००।०० एकमुष्ट रुपमा कैलाली जिल्ला भलिवल संघलाई सहयोग गर्ने।<br>१. श्री रिमा रोकामगर - चुरे-१<br>२. श्री दिक्षा जोशी - चुरे -५<br>३. श्री गौरी धामी - चुरे – ६ |
| ७ | शिक्षा युवा तथा खेलकुद | यस गाउँपालिकाको गाउँ शिक्षा समितिको मिति २०८३।०२।१३ गतेको निर्णयानुसार यस गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमा कार्यरत देहाय बमोजिमका शिक्षकहरुलाई गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा कामकाजमा खटाउन आवश्यक निर्णयका लागि गाउँकार्यपालिकाको बैठकमा सिफरिस भई आएकाले, चुरे गाउँपालिकाको गाउँ शिक्षा ऐन २०७९ को परिच्छेद ५ को दफा २७ र २८ मा भएको व्यवस्था तथा चुरे गाउँपालिकाको शिक्षक तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८१ को दफा ४ मा भएको व्यवस्थानुसार कामकाजमा खटाईएकै विद्यालयबाट तलव भत्ता खानेगरी कामकाजमा खटाउने निर्णय गरियो। |

| क्र सं | शिक्षकको नाम | तह | दरवन्दी | कार्यरत विद्यालयको नाम | कामकाजका लागि खटाईएको विद्यालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | यादव प्रसाद भण्डारी | प्राथमिक | स्थायी | श्री कालिका आ वि भुजे | श्री केदारेश्वर मा वि खैराला | पुल दरवन्दी थप |
| २ | दुर्गालाल रिजाल | प्राथमिक | राहत | कालिका आ वि भुजे | श्री बस्नेत आ वि गर्मा | पुल दरवन्दी थप |
| ३ | शम्भु यादव | प्राथमिक | स्थायी | श्री जनता आ वि सल्लेकाँडा | श्री जनता मा वि बैसनी | कामकाजमा खटाईएको |
| ४ | लता बडु | प्राथमिक | स्थायी | श्री जनता मा वि बैसनी | श्री ग्वासी आ वि सहजपुर | कामकाजमा खटाईएको |
| ५ | मंगल बहादुर धामी | प्राथमिक | स्थायी | श्री ग्वासी आ वि सहजपुर | श्री समैजी आ वि घरखेडा | कामकाजमा खटाईएको |
| ६ | रिक्त | प्राथमिक | स्वीकृत दरवन्दी | श्री समैजी आ वि घरखेडा | श्री जनता मा वि सल्लेकाँडा | विज्ञापन गर्नुपर्ने |
| ७ | चम्पा बम | प्राथमिक | राहत | श्री समैजी आ वि घरखेडा | श्री भानु मा वि चित्रपुर | कामकाजमा खटाईएको |
| ८ | भागरथी डाँगी | प्राथमिक | राहत | श्री भानु मा ति चित्रपुर | श्री समैजी आ वि घरखेडा | कामकाजमा खटाईएको |
| ९ | अमृता साउद | प्राथमिक | स्थायी | श्री सिद्धबाबा मा वि गजार | श्री मेलकट्टेश्वर मा वि बयला | कामकाजमा खटाईएको |
| १० | रिक्त | प्राथमिक | स्वीकृत दरवन्दी | श्री मेलकट्टेश्वर मा वि बयला | श्री सिद्धबाबा मा वि गजार | विज्ञापन गर्नुपर्ने |
| ११ | रिक्त | प्राथमिक | राहत | श्री समैजी आ वि मौरी | श्री बेताल आ वि देशाना | पुल विज्ञापन गर्नुपर्ने |
| १२ | धर्मानन्द जोशी | प्राथमिक | स्थायी | श्री बेताल आ वि देशाना | श्री धौलापहरु आ वि गिचडा | कामकाजमा खटाईएको |
| १३ | राम दत्त पन्त | प्राथमिक | स्थायी | श्री धौलापहरु आ वि गिचडा | श्री शुक्र माध्यमिक विद्यालय खानिडाँडा | थप |
| १४ | रमेश बहादुर धामी | प्रथमिक | राहत | श्री भैरौं आ वि सिमली | श्री मोहन्याल मा वि निगाली | पुल दरवन्दी थप |
| १५ | खेम बहादुर बम | प्राथमिक | स्थायी | श्री शिव मा वि किम्तोला | श्री केदारेश्वर आ वि ओजेना | कामकाजमा खटाईएको |
| १६ | टेक बहादुर बम | प्राथमिक | राहत | श्री केदारेश्वर आ वि ओजेना | श्री शिव मा वि किम्तोला | कामकाजमा खटाईएको |
| १७ | दिर्घराज भट्ट | माध्यमिक सामाजिक | राहत | श्री शुक्र माध्यमिक विद्यालय खानिडाँडा | श्री भैरव मा वि अलाड | कामकाजमा खटाईएको |
| १८ | गोपाल भट्ट | माध्यमिक सामाजिक | राहत | श्री भैरव मा विं अलाड | श्री शुक्र माध्यमिक विद्यालय खानिडाँडा | कामकाजमा खटाईएको |
| १९ | चक्र कडाल | माध्यमिक अंग्रेजी | राहत | श्री भानु मा वि चित्रपुर | श्री मेलकट्टेश्वर मा वि बयला | कामकाजमा खटाईएको |
| २० | ढाकाराम ढकाल | माध्यमिक अंग्रेजी | राहत | श्री मेलकट्टेश्वर मा वि बयला | श्री भानु मा वि चित्रपुर | कामकाजमा खटाईएको |
| २१ | गंगाकुमारी गुरुङ | बा वि | संघिय | कालिका आ वि भुजे | सूर्यमुखी आ वि वालुवागडा | पुल दरवन्दी थप |
| २२ | निक्ता बोहरा | बा वि | गाउँपालिका | श्री आदर्श शिसुसदन बजाडी | श्री शिव माध्यमिक विद्यालय किम्तोला | पुल दरवन्दी थप |
| २३ | विर बहादुर चन्द | का स | संघिय | श्री सरस्वती आ वि वाटेगडा | श्री समैजी आ वि जगाती | पुल दरवन्दी थप |
| २४ | हिरा ठकुल्ला | का स | संघिय | श्री आदर्श शिसुसदन बजाडी | श्री केदारेश्वर आ वि ओजेना | पुल दरवन्दी थप |
| २५ | विर बहादुर साउद | का स | संघिय | कालिका आ वि भुजे | सूर्यमुखी आ वि वालुवागडा | पुल दरवन्दी थप |

| | | |
|---|---|---|
| ८ | प्रशासन शाखा | नेपालको संविधान, २०७२ तथा सस्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार यस चुरे गाउँपालिकाको बजेट / वर्षे अधिवेशन यही मिति २०८२ असार ६ गते संचालन गर्ने गरी पत्राचार गर्ने र नीति कार्यक्रम तथा बजेट लेखन देखिका सम्पूर्ण कार्यप्रक्रिया अगाडी बढाउने । |
| ९ | जिन्सी शाखा | चुरे गाउँपालिका वडा नं ६ अन्तरगतका विभिन्न सडकहरु मर्मत, नयाँ कटिङ एवम् खेलमैदान निर्माण कार्यका लागि विभिन्न मितिमा इन्धन(डिजेल) खरिद भई यस कार्यालयको सु प प्र ०१ ००१ ग २३३ नं.को Backhoe Loader प्रयोग गरी निर्माण/मर्मत कार्य गरिए वापतको इन्धन खर्च रकम तपिसल बमोजिमका बजेट कार्यक्रम/क्रियाकलापबाट भुक्तानी हुने गरी खर्च रकम अनुमोदन गर्ने निर्णय पारित गरियो। |

| क्र.स. | कार्यक्रम/क्रियाकलापको नाम | बजेट | भुक्तानी रकम | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | तितरे सडक निर्माण योजना | २००००० | ९७००० | ३११५१ | |
| २ | बसेरी सडक निर्माण वडा नं ६ | २००००० | ३०००० | ३११५१ | |
| ३ | बेलघारी खेलमैदान | १००००० | १५००० | ३११५९ | |
| ४ | इन्धन खर्च | २००००० | १७५९९१ | २२२१२ | |

| | | |
|---|---|---|
| १० | जिन्सी शाखा | चुरे गाउँपालिकाको आ.व. २०८१।०८२ मा कार्यालयबाट विभिन्न मितिमा इन्धन(डिजेल) खरिद भई भुक्तानी बाँकी दायित्व सिर्जना भएको एवम् चालु आ.व. को संशोधित वार्षिक बजेट तथा कार्यक्रममा समेत बजेट समावेश भइसकेको तपिसलमा उल्लेखित विवरण बमोजिमको रकमलाई तपसिल बमोजिमका बजेट कार्यक्रम/क्रियाकलापबाट भुक्तानी गर्ने निर्णय पारित गरियो। तपसिल: |

| क्र.स. | भुक्तानी पाउनेको नाम | भुक्तानी बाँकी रकम | भुक्तानी हुने बजेट तथा कार्यक्रम/क्रियाकलाप | खर्च शिर्षक | कैफियत |
|---|---|---|---|---|---|
| १ | मनीषा पेट्रोलियम सेन्टर | ३५६००० | मनिसा पेट्रोल पम्पलाइ आ व २०८१/०८२ को भुक्तानी दिन बाकी विल | २२३१४ | |

| | | |
|---|---|---|
| ११ | योजना शाखा | क) चुरे गाउँपालिकाको आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रमको क्र.सं. ३१ मा रहेको **कानुनी परामर्श तथा कानुन निर्माण** शिर्षकमा रहेको बजेट विनियोजन गरेकोमा चुरे गाउँपालिकाले उक्त कानुन निर्माणको कार्य आफ्नै जनशक्ति द्वारा निर्माण गर्न लागेको तर चुरे गाउँपालिकाको आन्तरिक आम्दानीको स्रोत तथा सो सम्बन्धी योजना निर्माण गर्न आवश्यक भएको हुँदा उक्त **कानुनी परामर्श तथा कानुन निर्माण** शिर्षकलाई **राजश्व क्षमता सुधार योजना** शिर्षकमा **शिर्षकान्तर** गरी **गाउँपालिकाको राजस्व क्षमता सुधार योजना** निर्माण कार्य अगाडी बढाउन परामर्श सेवा खरिद गर्ने ।<br>ख) आ.व. २०८२।०८३ को वार्षिक स्वीकृत कार्यक्रमको क्र.स. ८० मा रहेको **"कडकिरी देशाना खोपकेन्द्र निर्माण"** वडा नं. २ को नाम संसोधन गरी **"कडकिरी देशाना खोपकेन्द्रमा शौचालय निर्माण"** मा शिर्षकान्तर गरी सोको कार्यान्वयनको कार्य प्रक्रिया अगाडी बढाउने । |
| १२ | खानेपानी तथा सरसफाई | चुरे गाउँपालिकाको खानेपानी तथा सरसफाई शाखाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रहेको खानेपानी पाईप खरिद योजनाको कार्यान्वयन गर्नको लागि लाभग्राहीबाट माग संकलन गर्नको लागि ७५% अनुदानमा पाइप वितरणको लागि सूचना प्रकाशन गर्ने र प्राप्त माग फारामहरुको आधारमा प्राविधिक अनुगमन तथा नापजाँचका आधारमा आवश्यकता एकिन गरी लाभग्राही छनौट गर्नुका साथै खरिद प्रक्रिया अगाडी बढाउने तथा वितरण गर्ने । सो कार्यका लागि जे जसरी वजेट विनियोजन भएको छ सोही बमोजिम अलग अलग खरिद गर्न निर्देशन दिने। |
| १४ | प्रशासन | अषाढमा महिना आ.व. को अन्तिम महिना भएको विभिन्न किसिमका कामको अत्यधिक चाप हुने : आ.व. २०८३।०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गर्नुपर्ने तथा आ.व. २०८२।०८३ का वार्षिक स्वीकृत कार्यक्रमहरुको फिल्ड अनुगमन,भुक्तानी समेतका कार्यमा चाप पर्ने भएकाले सार्वजनिक विदाको दिन समेत कर्मचारीहरुले कामकाज गर्नुपर्ने हुँदा प्रमुख प्रशासकीय अधिकृत,लेखा शाखा,योजना शाखा,प्रशासन शाखा,जिन्सी शाखा,सूचना प्रविधि शाखा,पूर्वाधार शाखामा कार्यरत सम्पुर्ण कर्मचारीहरु तथा प्रमुख प्रशासकीय अधिकृतको अनुमतीमा सार्वजनिक विदाको दिन खटिने अन्य कर्मचारीहरुलाई तलबको २०% ले हुन आउने रकम बराबर प्रोत्साहन भत्ता उपलब्ध गराउने। साथै मिति २०८३ अशाढ १ गते देखी ऐ. अशाढ मसान्त सम्म माथि उल्लेखित शाखाहरुकोबाट सम्पादन हुने कार्यका अतिरिक्त कार्यबोझका आधारमा अन्य शाखाहरु प्रदान गरिने सेवाहरु नियमित रुपमा सार्वजनिक विदाको दिन पनि संचालन गर्ने । |
| १५ | शिक्षा तथा खेलकुद | चुरे गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को स्वीकृत कार्यक्रम अनुसार सञ्चालन हुने पाचौं चुरे गाउँपालिका स्तरिय अध्यक्ष कप खुला पुरुष तथा महिला भलिबल प्रतियोगिता यहि मिति २०८३ जेष्ठ २९ देखि ३१ गते सम्म सञ्चालन गर्ने र सोको लागि महिला र पुरुष गरी दुबै विद्यातर्फ देहाय बमोजिम पुरस्कार रासी निर्धारण गर्ने ।<br>• प्रथम पुरस्कार-रु ७७,७७७।– |

| | | |
|---|---|---|
| | | • द्वितीय पुरस्कार-रु ५५,५५५।- <br> • तृतिय पुरस्कार- रु ३३,३३३।- |
| १६ | **विविध सम्बन्धमा** | |
| क. | विपद राहत सम्बन्धमा | चुरे गाउँपालिका वडा नं. ६ निवासी श्री जय सिंह ठगुन्नाको छोरी वर्ष ५ की स्व. श्री आनुजा ठगुन्नाको मिति २०८२।०१।०८ गतेका दिन आगोमा जली निधन भएकोमा निजको परिवारलाई विपद संवेसनसिल सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१ को दफा ५ को ९ बमोजिम हाललाई गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन कोषबाट रु. २०००००।०० विपद राहत प्रदान गर्ने र पछि ऐ.ऐ मापदण्डको ऐ.ऐ दफाको ११ बमोजिम जिल्ला विपद व्यवस्थापन समितिबाट सोधभर्नाको लागि माग दावी गर्ने। |
| ख | | आफ्नो आर्थिक अवस्था कमजोर रहेको भनि तपसिल बमोजिमका व्यक्तिहरुले आर्थिक सहायता उपलब्ध गराईदिनहुन भनि निवेदन दिनु भएकोमा चुरे गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७६ को अधिनमा रही तपसिल बमोजिमका व्यक्तिलाई देहाय बमोजिमको आर्थिक सहायता तथा विपद व्यवस्थापन कोष संचालन कार्यविधि २०७७ बमोजिम विपद राहत प्रदान गर्ने। |

| क्र.स. | नाम, थर | ठेगाना | सहयोग रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | प्रेम प्रसाद सापकोटा | चुरे-३ | रु.२५०००।०० | विपद व्यवस्थापन कोषबाट |
| २ | पौरखी कृषि सहकारी | चुरे-६ बगैचुला | २५०००।०० | ~~आर्थिक सहायता~~ विपद व्यवस्थापन कोषबाट |
| ३ | योगेन्द्र बोगटी | चुरे-४ | २५०००।०० | आर्थिक सहायता |
| ४ | अम्बी देवी साउँद | चुरे-२ | १५०००।०० | आर्थिक सहायता |
| ५ | लाल बहादुर सार्की | चुरे-२ देशना | २५०००।०० | आर्थिक सहायता |
| ६ | पदम बहादुर साउँद | चुरे-२ | १२०००।०० | आर्थिक सहायता |
| ७ | रमेश नेपाली | चुरे-६ | २५०००।०० | आर्थिक सहायता |
| ८ | मानधोज बिष्ट | चुरे -६ | २००००।०० | आर्थिक सहायता |
| ९ | छत्र बहादुर खत्री | चुरे- ४ | १५०००।०० | आर्थिक सहायता |
| १० | महेश बोहरा | चुरे -६ | २००००।०० | आर्थिक सहायता |
| ११ | कलापती धामी | चुरे -६ | २००००।०० | आर्थिक सहायता |
| १२ | मदन केसी | | ११०००।०० | आर्थिक सहायता |

| | | |
|---|---|---|
| ग | योजना शाखा | चुरे गाउँपालिकाको आ.व. २०८२।०८३ को हिउदे अधिवेशनले चुरे गाउँपालिका कैलाली र बडिकेदार गाउँपालिका डोटीको संयुक्त लगानीमा संचालित श्री केदारपुञ्ज बहुमुखी क्याम्पसको लागि बजेट विनियोजन गरेकोमा उक्त क्याम्पसको आवश्यकता अनुसारको योजना निर्माण कार्यान्वयन गर्ने गरी कार्य प्रक्रिया अगाडी बढाउने। |
| घ. | स्वास्थ्य | आम्दा माइन्ड जापान तथा फाया नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण गरिएको गर्भा आधारभुत स्वास्थ्य इकाईको भवनको तलतिर रहेको भागमा उक्त जग्गा धनीले घर संरचना निर्माणको लागि निर्माणको कार्य अगाडी बढाएकोमा हाल उक्त आधारभुत स्वास्थ्य सेवा केन्द्रको नवनिर्मित भवन जोखिममा रहेको हुँदा उक्त भवनको संरक्षणको लागि गाउँपालिकाको व्पद व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी प्लाष्टिक लगाउने तथा सोको संरक्षणको लागि आवश्यक कार्य गर्ने। |

| | | |
|---|---|---|
| ङ | राजश्व | चुरे गाउँपालिकाको राजश्व संकलन तथा जम्मा गर्ने कार्यमा चुरे गाउँपालिकाको खाता संचालनमा रहेको लक्ष्मी सनराइज बैंक सहजपुरमा राजश्व जम्मा गर्न असहज भएको भनि सेवाग्राहीबाट गुनासो प्राप्त भएको हुँदा बैंकिङ प्रणालीबाट गाउँपालिकाको राजश्व जम्मा गर्ने कार्यको लागि सहजिकरण गर्नकोलागि उक्त बैंकलाई पत्राचार गर्ने । |
| च | विपद व्यवस्थापन | मौसम जन्य विपद जोखिम न्यूनीकरण गर्न तथा विपद जन्य घटनाबाट हुने हानी नोक्सानी कम गर्नका लागी चुरे गाउँपालिका हेर्ने गरी सशस्त्र प्रहरी बल नेपालले आफ्ना प्रहरी कर्मचारीहरुलाई चुरे गाउँपालिकामा खटाएकोमा उक्त टोलीलाई त्यहाँ बस्नको लागि तपसिल बमोजिमका केही सामाग्री माग भई आएकोमा उक्त सामान खरिद गरी सशस्त्र प्रहरी बल नेपाललाई सहयोग गर्ने ।<br>तपसिल:-<br>१. प्लास्षटिकको खानेपानी पाइप -५० मिटटर<br>२. पि. फम - १ रोल<br>३. प्राथमिक उपचार बाकस - १<br>४. सर्च लाइट - १<br>५. क्याराविना/ घिर्नी - २<br>६. सिट/ चेस्ट हर्नेस -४ |